# सार्वजनिक स्थलमा राखिएको निर्माण सामाग्री हटाउने बारेको मन्थली नगरपालिकाका अत्यन्त जरुरी सूचना !

यस नगरक्षेत्रको मुख्य राजमार्ग लगायत अन्य सार्वजनिक बाटोमा जथाभावि निर्माण सामाग्री थुपारी आमनागरिकको आवागमनमा अवरोध पुगेको एवं सवारी दुर्घटनाको जोखिम बढेको सम्वन्धमा यस नगरपालिको ध्यान आकृष्ट भएकोछ । यस्ता गतिविधिलाई नियन्त्रण गरि सहरी आवागमनलाई सहज बनाउन नगरपालिकाबाट प्रमुख जिल्ला अधिकारीज्यूको समन्वयमा मिति २०७३ फाल्गुन १ गते बसेको सर्वपक्षीय बैठकबाट सडकहरुमा राखिएका निर्माण सामाग्री लगायंतका अन्य सामाग्रीहरु यो सूचना जारी भएको मितिबाट ४८ घण्टाभित्र सम्बन्धित पक्षबाट हटाउने, त्यसपछि वैकल्पीक व्यवस्था भएसम्म सार्वजनिक सडकहरुमा निर्माण सामाग्री भण्डारण नगर्ने, वैकल्पीक व्यवस्थाको अभावमा राख्नै पर्ने भएमा राखेको २४ घण्टाभित्र वैकल्पीक व्यवस्था मिलाई अनिवार्य रुपमा व्यवस्थापन गर्ने, उपरोक्त बमोजिम नगरेमा मन्थली नगरपालिका र जिल्ला प्रहरी कार्यालयबाट प्रचलित कानुन बमोजिम नियमन गर्ने गरि निर्णय भएकोले सार्वजनिक सडकहरुमा राखिएको निर्माण सामाग्रीहरु उपरोक्त निर्णय बमोजिम हटाई सहरी आवागमनमा सहजीकरण गराउने कार्यमा सहयोग गरि दिन हुन अनुरोध छ । यो सूचनाको वेवास्ता गरिएमा त्यस्ता निर्माण सामाग्री नगरपालिकाबाट जुनसुकै बेला उठाई प्रचलित कानुन बमोजिम जरिवाना लगायतका कारवाही गर्न बाध्य हुने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**मन्थली नगरपालिका**